# लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: लैङ्गिक रुपमा रहेको विभेद र लैङ्गिक हिंसालाई संरक्षण गर्ने प्रकृतिका कानूनी व्यवस्थामा सुधार गरी लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसालाई अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन : नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (च) मा रहेको "धर्मपुत्र" भन्ने शब्दको सट्टा "धर्मपुत्र वा धर्मपुत्री" भन्ने शब्दहरु राखिएका छन्।

३. प्रहरी ऐन, २०१२ मा संशोधन : प्रहरी ऐन, २०१२ को,-

(१) दफा ३४ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) लैङ्गिक हिंसा गरेमा,"

(२) दफा ३९ को उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) महिला तथा पुरुष प्रहरी कर्मचारीको लागि छुट्टाछुट्टै आवास गृह रहने बारे ।

(घ२) शिशु स्याहार केन्द्र बारे ।"

४. <u>गाली र बेइज्जतीको ऐन, २०१६ मा संशोधन</u> : गाली र बेइज्जतीको ऐन, २०१६ को दफा ८ को ठाउँ ठाउँमा रहेको "आईमाइलाई" भन्ने शब्दको सट्टा "महिलालाई" भन्ने शब्द राखिएको छ ।

५. <u>भिक्षा माग्ने (निषेध) ऐन, २०१८ मा संशोधन</u> : भिक्षा माग्ने (निषेध) ऐन, २०१८ को,-

(१) दफा ३ को ठाउँ ठाउँमा रहेका "बढीमा रु.७५।- सम्म जरिवाना वा तीन महिनासम्म कैद" भन्ने शब्दहरुको सट्टा "तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ८ मा रहेका "रु.४०।- चालीससम्म जरिवाना वा डेढ महिनासम्म कैद" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको "केटाकेटी" भन्ने शब्दको सट्टा "बालबालिका" भन्ने शब्द राखिएको छ ।

६. कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन : कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५क. को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम निज जुनसुकै कारणले सेवाबाट हटेमा पनि निजले तुरुन्त एकमुष्ट फिर्ता पाउनेछ । त्यस्तो कर्मचारीको मृत्यु भैसकेको भए निजले इच्छाएको व्यक्तिले इच्छाइए बमोजिमको रकम पाउनेछ र निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।"

(२) उपदफा (३) मा रहेका "सो रकम कर्मचारीको उपदफा (१) बमोजिमको हकवालाले पाउनेछ" भन्ने शब्दहरुको सट्टा "सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

७. कारागार ऐन, २०१९ मा संशोधन : कारागार ऐन, २०१९ को,-

(१) दफा ६ को,-

(क) उपदफा (१) मा रहेका “लोग्ने मानिस” भन्ने शब्दहरुको सट्टा “पुरुष” भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

“(३) यस दफा बमोजिम थुनामा रहेकी महिलाको सुरक्षाका लागि प्रहरी खटाउँदा कम्तीमा एकजना महिला प्रहरी खटाउनु पर्नेछ ।”

(२) ठाउँ ठाउँमा रहेका “स्वास्नी मानिस” भन्ने शब्दहरुको सट्टा “महिला” भन्ने शब्द राखिएको छ ।

८. मुलुकी ऐनमा संशोधन : मुलुकी ऐनको,-

(१) अदालती बन्दोबस्तको महलको,-

(क) ११ नम्बरको,-

(अ) दफा ४ मा रहेका “स्वास्नी मानिस” भन्ने शब्दहरुको सट्टा “महिला” भन्ने शब्द राखिएको छ ।

(आ) दफा ४क. पछि देहायको दफा ४ख. थपिएको छ :-

“महिला वादी वा पुनरावेदक भएको लैङ्गिक हिंसा वा घरेलु हिंसा सम्बन्धी मुद्दा ---४ख

स्पष्टीकरण: "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ।"

(ख) ९४ नम्बरमा रहेका "जीउमास्ने बेच्नेको वा सो सम्बन्धी मुद्दा," भन्ने शब्दहरु पछि "मानव बेचविखन वा ओसार पसार सम्बन्धी मुद्दा" भन्ने शब्दहरु थपिएका छन्।

(ग) १७२ नम्बरको दफा ५ को ठाउँठाउँमा रहेका "स्वास्नी मानिस" भन्ने शब्दहरुको सट्टा "महिला" भन्ने शब्द राखिएकोछ।

(२) लोग्ने स्वास्नीको महलको,-

(क) १ नम्बरमा रहेका "र ४, ५, ७ र ८ नम्बरमा" भन्ने शब्दहरुको सट्टा "वा ४ नम्बरमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ४ नम्बरमा रहेको “बराबर” भन्ने शब्द झिकिएको छ ।

(ग) ५ नम्बरको सट्टा देहायको ५ नम्बर राखिएको छ :-

“५ नं. ॥ ॥ महिलाको दाइजो, पेवा वा स्त्री अंशधनको सम्पत्ति मास्दा अंश नभई एकाघरसँग बसेका अरु अंशियारहरु समेत रहेछन् भने उमेर पुगेको सबै अंशियारहरुको मञ्जुरीको लिखत भएमा वा त्यस्तो लिखत नभए पनि निजहरुको सहमति बमोजिम त्यस्तो सम्पत्ति मासिएको प्रमाणित भएमा सो मासेको दाइजो, पेवा वा स्त्री अंशधनको सम्पत्ति लेनदेन व्यवहारको महल बमोजिम सबै अंशियारहरुको गोश्वारा धनबाट सोधभर्ना हुन सक्छ ।”

(३) अंशबण्डाको महलको,-

(क) १ नम्बरमा रहेका “यो नम्बर प्रारम्भ भएपछि” भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) ३ र ४ नम्बरको सट्टा देहायका ३ र ४ नम्बर राखिएका छन् :–

“३ नं. ॥ ॥ सँग बसेका दाजु भाइ तथा दिदी बहिनीका छोरा छोरीहरुमा आफ्नो आफ्नो बाबु वा आमाको मात्र अंश हुन्छ ।

४ नं. ॥ ॥ यो नम्बर प्रारम्भ हुँदाका बखत कसैका एक भन्दा बढी स्वास्नी मात्र रहेछन् भने सबै स्वास्नीले आफ्ना लोग्नेको अंश ऐन बमोजिम बाँडी खान पाउँछन् ।”

(ग) ११ नम्बरको ठाउँ ठाउँमा रहेका “स्वास्नी छोरा” भन्ने शब्दहरुको सट्टा “स्वास्नी, छोराछोरी” भन्ने शब्दहरु राखिएका छन् ।

(घ) १९ नम्बरको ठाउँ ठाउँमा रहेका “अविवाहिता छोरी” भन्ने शब्दहरुको सट्टा “एकासगोलका छोरी” भन्ने शब्दहरु राखिएका छन् ।

(ङ) १क, ८ र ९ नम्बर खारेज गरिएका छन् ।

(४) स्त्री अंश धनको महलको,-

(१) ५ नम्बरको सट्टा देहायको ५ नम्बर राखिएको छ :–

“५ नं. ॥ ॥ स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछिन् । निजको शेषपछि त्यस्तो सम्पत्ति अपुतालीको महल बमोजिम हुन्छ ।”

(२) ७ नम्बर खारेज गरिएको छ ।

(५) धर्मपुत्र, धर्मपुत्रीको महलको,-

(क) ९ख. नम्बरमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

“तर तीन पुस्ताभित्रको व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्दा सो बन्देज लाग्ने छैन ।”

(ख) १२ख. नम्बर पछि देहायको १२ग. नम्बर थपिएको छ :–

“१२ग. नं ॥ ॥ नेपाली नागरिकले धर्मपुत्र वा धर्मपुत्री राख्दा गरेको लिखत पाँचसय रुपैयाँ दस्तुर तिरी जिल्ला न्यायाधीशबाट प्रमाणित गराउनु पर्छ ।”

(६) अपुतालीको महलको,-

(क) २ र ३ नम्बरको सट्टा देहायका २ र ३ नम्बर राखिएका छन् :–

“२ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुमा अन्यथा लेखिएकोमा बाहेक अपुताली परेको व्यक्तिले कुनै लिखत गरी दिएकोमा सोही लिखत बमोजिम र त्यस्तो लिखत गरी नदिएकोमा देहायका व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिले र त्यस्तो व्यक्ति कोही नभए यसै महलको १ नम्बर बमोजिमका हकवालाले त्यस्तो अपुताली पाउँछ.----------------------------------१

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,

(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरी तर्फका नाति नातिनी, नातिनी बुहारी,

(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,

(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,

(च) सगोलका काका, काकी, भतिजा, भतिजी,

(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,

(ज) सगोलका भाउजू, भाइ बुहारी,

(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,

(ञ) भिन्न भएका बाजे, बज्यै,

माथि दफा १ बमोजिमका हकवाला नभएमा वा भए पनि निजले अपुताली नलिएमा यस महलको अन्य नम्बरहरुको अधीनमा रही त्यस्तो अपुताली नेपाल सरकारको हुन्छ ------२

स्पष्टीकरणः यस नम्बरको प्रयोजनको लागि एउटै क्रमका एक भन्दा बढी व्यक्ति हकवाला भएमा प्रत्येक हकवालाले बराबरी अपुताली पाउँछ ।

३ नं.॥ ॥ यस महलको २ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई नजिकको हकवालाले हेरचाह नगरी सोभन्दा टाढाका कुनै हकवाला, अन्य व्यक्ति वा संस्थाले हेरचाह र स्याहार सम्भार गरेको भएमा निजको अपुताली त्यस्तो टाढाको हकवाला, अन्य व्यक्ति वा संस्थाले पाउँछ ।"

(ख) ६, ७ र ९ नम्बरको ठाउँठाउँमा रहेको "अविवाहिता" भन्ने शब्द झिकिएको छ ।

(ग) १२ नम्बरको ठाउँ ठाउँमा रहेका "भाइ वा अविवाहिता बहिनी" भन्ने शब्दहरुको सट्टा "दाजु, भाइ वा दिदी, बहिनी" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) १० र ११ नम्बर खारेज गरिएका छन् ।

(७) रजिष्ट्रेशनको महलको १ नम्बरमा रहेका "धर्मपुत्र, धर्मपुत्रीको लिखत" भन्ने शब्दहरु झिकिएका छन् ।

(८) अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १३ नम्बरमा रहेका "छ महिना" र "तीन महिना" भन्ने शब्दहरुको सट्टा क्रमशः "एक वर्ष" र "छ महिना" भन्ने शब्दहरु राखिएका छन् ।

(९) कुटपिटको महलको,-

(क) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ कुटपिट गर्दा देहाय बमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ----

| | |
|---|---|
| आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहिन बनाई दिएमा ---------- | १ |
| नाकको सुँघ्ने शक्ति हरण गरिदिएमा ----- | १ |
| कानको सुन्ने शक्ति हरण गरी दिएमा ----- | १ |
| जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा ---- | १ |
| महिलाको स्तन काटी दिएमा ----------- | १ |
| महिलालाई बाँझोपन र पुरुषलाई पुरुषत्वहीन बनाएमा------------- | १ |
| मेरुदण्ड, डँडाल्नु, हात खुट्टा वा यिनैको जोर्नी भाँची, फोरी फुकाली बेकम्मा | १ |

पारिदिएमा --------------------------

(ख) ६ नम्बरको सट्टा देहायको ६ नम्बर राखिएको छ :-

"६ नं.॥ ॥ अङ्गभङ्ग खतमध्ये दृष्टिविहिन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहिन बनाएको खतमा जुनसुकै एक खत गरेपनि सो गर्नेलाई तीनलाख रुपैयाँ जरिबाना गरी आठ वर्ष कैद गर्नु पर्छ । ती खतहरु बाहेक अङ्गभङ्गको अरु खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दुई लाख रुपैयाा जरिबान गरी आठ वर्ष कैद गर्नु पर्छ । एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्गमात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नु पर्छ । सो खत निको भई काम लाग्ने भएमा भने एकलाख रुपैयाा जरिबाना र दुई वर्ष कैद गर्नु पर्छ । यसरी जरिवाना वापत प्राप्त पुरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ ।"

(ग) १४ नम्बरमा रहेका "पोल्ने गराइएका वस्तु वा तेजाब इत्यादिले" भन्ने शब्दहरुको सट्टा "पोल्ने गराइएका वस्तुले" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) १४ नम्बर पछि देहायको १४क. नम्बर थपिएको छ :-

"१४क. नं.॥ ॥ तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले

पोली, डामी, दली, घसी जीउमा पीडा गराएमा वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारेमा कसूरको प्रकृति हेरी अनुहारमा कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एकलाख रुपैयाँदेखि तीनलाख रुपैयाँसम्म जरिवाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा जीउमा पीडा गराएमा तीन वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्नु पर्छ। यसरी जरिवाना वापत प्राप्त पूरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ।"

(ङ) २५ नम्बर पछि देहायको २५क. नम्बर थपिएको छ :-

"२५क. नं.॥ ॥ यस महल बमोजिमको कसूरबाट पर्न गएको पीडाको मात्रालाई विचार गरी अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्नेछ।"

(१०) ज्यान सम्बन्धी महलको ३२ नम्बरको सट्टा देहायको ३२ नम्बर राखिएको छ :–

"३२ नं. ॥ ॥ यस महलको २९ नं. बमोजिम केही गर्दा बाह्र हप्तासम्मको गर्भ पतन हुन गएकोमा एक वर्षसम्म कैद, पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन वर्षसम्म कैद र पच्चीस हप्ता भन्दा बढीको गर्भ पतन हुन गएकोमा पाँच वर्षसम्म कैद गर्नु पर्छ।"

(११) आसय करणीको महलको,-

(क) १ नम्बरमा रहेका “अस्वभाविक व्यवहार” भन्ने शब्दहरुको सट्टा “अस्वभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) ५ नम्बरमा रहेका “छ महिनादेखि दुई वर्षसम्म कैद वा पाँचसय रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना” भन्ने शब्दहरु राखिएका छन् ।

(१२) जबरजस्ती करणीको महलको,-

(क) १ नम्बरको स्पष्टीकरणको खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

“(घ) गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ ।”

(ख) ३ नम्बरको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ:–

“यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म -------------------------------६”

(ग) ३क. नम्बरको सट्टा देहायको ३क. नम्बर राखिएकोछः-

“३क नं.॥ ॥ कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिला उपर सामूहिक रुपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नु पर्छ।”

(घ) ८ नम्बरको सट्टा देहायको ८ नम्बर राखिएको छ :-

“८ नं.॥ ॥ कसैले आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई बन्धक गरी वा हातपात, छेकथुन, बाँध छाँद आक्रमण इत्यादि जोर जुलुम गर्न लागेकोमा कुनै महिलाले त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफूलाई करणी गर्नबाट रोक्न नसक्ने विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिव कारण भएमा र तत्काल कसैको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था नभएमा र त्यस्तो जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका उपाय तत्काल केही नगरे आफू माथि करणी हुनेसम्मको ठूलो डर, त्रास परी करणी लिन नपाउँदै वा उसै बखत, आफ्नो जोडबल पुग्न

नसक्नेमा करणी लिई सकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा लपट्दै गई हतियार लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन ।"

(ङ) ९क. नम्बरको ठाउँठाउँमा रहेका "अप्राकृतिक मैथुन" भन्ने शब्दहरुको सट्टा "बाल यौन दुराचार (पेडो फाएल)" भन्ने शब्दहरु राखिएका छन् ।

(च) ९क. नम्बर पछि देहायको ९ख. नम्बर थपिएको छः-

"९ख. नं. ॥ ॥ लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको विषयमा परेको उजूरीको प्रारम्भिक छानविनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नहुँदासम्म संरक्षण दिन

आवश्यक देखिएमा अदालतले लोग्नेको नाममा देहायको आदेश जारी गर्न सक्छ -----

स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, स्वास्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन --------------------१

स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन -------------------------------------२

दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा लोग्नेलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा स्वास्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन ---------------------------३

स्वास्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र स्वास्नीको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन -----------------------------४"

(छ) १०क.नम्बरको अन्त्यमा देहायको वाक्यांश थपिएको छः-

"त्यसरी बयान गराउँदा पीडितको सहजता र मर्यादालाई ध्यानमा राखी पीडित मैत्री वातावरणमा सकभर एकैपटक बयान गराउनु पर्छ ।"

(ज) १०ग. नम्बरको अन्त्यमा देहायको वाक्यांश थपिएकोछः-

"कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्वन्धित

महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ । त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति वापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।"

(झ) ११ नम्बरमा रहेका "पैंतीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) हाडनातामा करणी गर्नेको महलको,-

(क) १ नम्बरमा रहेका "एकै बाबुबाट" भन्ने शब्दहरुको सट्टा "एकै बाबु वा आमाबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छः–

"२ नं.॥ ॥ देहायका नाता बीच करणी लिने दिनेलाई देहाय बमोजिम सजाय हुन्छ --

सौतेनी आमा-छोरा, एकै हाँगाको ससुरा-बुहारी, बाजे-नातिनी वा पनातिनी, जेठाजु- भाइ बुहारी वा देवर-भाउजू बीच करणी लिने दिनेलाई चार वर्षदेखि छ वर्षसम्म कैद हुन्छ...................१

एकै हाँगाको तीन पुस्तासम्मको बज्यू- नाति वा पनाति, बाजे-नातिनि बुहारी, एकै हाँगाको ठूलो बाबु वा काका-भतिजी, एकै हाँगाको भतिजो- ठूली आमा वा काकी, एकै हाँगाको ससुरो- भतिजी बुहारी, फुपू-भदा, मामा-भाञ्जी वा

माइजू-भानिज, आमा तर्फका ठूली आमा वा सानी आमा-भतिजो र आफ्नी पत्नी तर्फको सासू-ज्वाँइ बीच करणी लिने दिनेलाई तीन वर्षदेखि छ वर्षसम्म कैद हुन्छ.............२

माथि दफा १ र २ मा लेखिएदेखि बाहेक सात पुस्ताभित्रका अन्य नाताका वीच करणी लिनेदिनेलाई हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद हुन्छ .....३

माथि दफा १,२ र ३ मा लेखिएदेखि बाहेक अन्य नाताका बीच करणी लिने दिनेलाई नाता विचार गरी तीन महिनादेखि एक वर्षसम्म कैद हुन्छ.......................................४

(ग) ३, ४, ५, ६, ९ र १० नम्बरहरु खारेज गरिएका छन् ।

(१४) विहावरीको महलको,-

(क) ४ नम्बरको सट्टा देहायको ४ नम्बर राखिएको छ :-

"४ नं.॥ ॥ कसैले पनि देहायको अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन । झुक्याई गरेको विवाह सो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्छ । झुक्याई विवाह गरे वा गराएमा दुई वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुन्छ । त्यस्तो जरिवानाको

रकम क्षतिपूर्ति स्वरुप झुक्यानमा पर्नेलाई भराई दिनु पर्छ -----

शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको--- ------------------------------१

योनाङ्ग नभएको, पुरुषत्वहिन भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको ----------------------------------------२

पूर्णरुपमा बोल्न वा सुन्न नसक्ने वा पूर्ण रुपमा दृष्टिविहीन भएको ------------------------३

होस ठेगानमा नरहेको ---------------------४

विवाह भैसकेको -------------------------५

गर्भवती भैसकेको------- -----------------६

नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको--७"

(ख) ९ नम्बरको सट्टा देहायको ९ नम्बर राखिएको छ :–

"९ नं. ॥ ॥ यो नम्बर प्रारम्भ भएपछि एकासगोलमा बस्न नसक्ने कारणबाट लोग्ने र स्वास्नी वीच अंशबण्डा भई भिन्न

बसेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गर्न वा अर्को पत्नी राख्न हुँदैन ।"

(ग) १० नम्बर मा रहेका "र ९क." भन्ने शब्दहरु झिकिएका छन् ।

(घ) १० नम्बर पछि देहायको १०क. नम्बर थपएिकोछ :-

"१०क. नं. ॥ ॥ कसैले अर्काकी स्वास्नीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले अर्को विवाह गरी जाँदा आफूले लगाएको वा प्रयोग गर्ने लत्ताकपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमालसमेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछ ।"

(ङ) ११ नम्बरमा रहेका "यस महलको ७ नम्बरका कुरामा सो भए गरेको मितिले र अरुमा" भन्ने शब्दहरुको सट्टा "यस महलमा लेखिएको कुरामा सो कुरा" भन्ने शब्दहरु राखिएको छ ।

(च) ५, ७, ८ र ९क. नम्बरहरु खारेज गरिएका छन् ।

(१५) जारीको महल खारेज गरिएको छ ।

(१६) अदलको महलको,–

(क) ५ नम्बरमा रहेका "एक वर्षदेखि तीन वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "तीन वर्षदेखि पाँच वर्षसम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) ९ नम्बर खारेज गरिएको छ ।

(ग) १०ख. नम्बर पछि देहायको १०ग. नम्बर थपिएको छ :–

"१०ग. नं. ॥ ॥ कसैले लैङ्गिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्रथा-परम्परा, वैवाहिक स्थिति वा जबरजस्ती करणीबाट पीडित भएको, कुनै रोग लागेको वा यस्तै अन्य कुनै आधारमा कसैलाई भेदभाव गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

९. बिफर नियन्त्रण ऐन, २०२० मा संशोधन : बिफर नियन्त्रण ऐन, २०२० को दफा २ को खण्ड (क) मा रहेको "व्यक्ति" भन्ने शब्दको सट्टा "वालबालिका" भन्ने शब्द राखिएकोछ ।

१०. होटल व्यवसाय तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ मा संशोधन : होटल व्यवसाय तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा १० को,-

(१) उपदफा (१) र (२) मा रहेका "रु.५,०००।- पाँच हजारसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "रु.१,०००।- एक हजारसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

११. राप्ती दुन विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ मा संशोधन : राप्ती दुन विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ को दफा २ को खण्ड (ग) को,-

(१) उपखण्ड (२) मा रहेको "छोरा" भन्ने शब्द पछि "छोरी" भन्ने शब्द थपिएकोछ ।

(२) उपखण्ड (३) झिकिएको छ ।

१२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ को उपदफा (३) मा रहेका "अदालतको अवहेलना हुने वा" भन्ने शब्दहरु पछि "लैङ्गिक हिंसालाई बढावा दिने वा" भन्ने शब्दहरु थपिएका छन् ।

१३. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ मा संशोधन : केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को,-

(१) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइज्जत गर्ने, महिलालाई जिस्काउने, हैरानी गर्ने वा निजसँग यस्तै अन्य कुनै किसिमको अस्वभाविक व्यवहार गर्ने,"

(२) दफा ६ को उपदफा (१) मा रहेको "दशहजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा"पच्चीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु र प्रतिबन्धात्मक वाक्यांशमा रहेका "बढीमा दुई वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "तीन वर्षसम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

१४. बोनस ऐन, २०३० मा संशोधन : बोनस ऐन, २०३० को दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) कुनै कर्मचारीको मृत्यु भएमा निजले पाउने बोनस निजद्वारा कसैलाई इच्छाइएको भए सोही व्यक्तिले र त्यसरी कसैलाई इच्छाइएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै

मृत्यु भैसकेको रहेछ भने अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ।”

१५. निवृत्त कोष ऐन, २०४२ मा संशोधन : निवृत्त कोष ऐन, २०४२ को दफा २३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम निज जुनसुकै कारणले सेवाबाट हटेमा निजले तुरुन्त एकमुष्ट फिर्ता पाउनेछ। कर्मचारीको मृत्यु भइसकेको भए निजले इच्छ्याएको व्यक्तिले इच्छ्याइए बमोजिमको रकम पाउनेछ र निजले कसैलाई इच्छ्याएको नभएमा वा इच्छ्याइएको व्यक्तिको पनि इच्छ्याउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ।”

(२) उपदफा (३) मा रहेका “सो रकम कर्मचारीको उपदफा (१) बमोजिमको हकवालाले पाउनेछ” भन्ने शब्दहरुको सट्टा “सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ” भन्ने शब्दहरु राखिएका छन्।

१६. बालबालिका सम्बन्धी ऐन, २०४८ मा संशोधन : बालबालिका सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा ३ को उपदफा (१) मा रहेका "बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए" भन्ने शब्दहरुको सट्टा "बाबु आमाले र बाबु आमा नभए" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ को शीर्षकमा रहेको "धर्मपुत्र" भन्ने शब्द पछि "वा धर्मपुत्री" भन्ने शब्दहरु थपिएका छन् ।

१७. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन : छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने,"

१८. राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन : राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १६ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,"

१९. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा संशोधन : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९,-

(१) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छ :-

"३०क. <u>व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने</u> : (१) नेपाल सरकारवादी हुने तोकिए बमोजिमका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र वतनको छुट्टाछुट्टै संकेत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रयोजनको लागि अदालतको हकमा सर्वोच्च अदालतले र अनुसन्धान तथा अभियोजन गर्ने अधिकारीको हकमा प्रहरी प्रधान कार्यालयसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।"

(२) दफा ३६ पछि देहायको दफा ३६क. थपिएको छ :-

"३६क. <u>निर्देशिका बनाइ लागू गर्न सक्ने</u> : अनुसूची-१ बमोजिमका नेपाल सरकारवादी हुने सम्पूर्ण वा कुनै खास प्रकृतिका मुद्दाको अनुसन्धान तथा

अभियोजन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रहरी प्रधान कार्यालयसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयले आवश्यक निर्देशिका बनाइ लागू गर्न सक्नेछ ।”

२०. <u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन</u> : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा १६३ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका “दश हजार रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेका “पाँच हजार रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका “दुई हजार रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “पच्चीस हजार रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १६४ मा रहेका “पच्चीस रुपैयाँदेखि पचास रुपैयाँसम्म”, “पचास रुपैयाँदेखि एकसय रुपैयाँसम्म” र “एकसय रुपैयाँदेखि दुईसय रुपैयाँसम्म” भन्ने

शब्दहरुको सट्टा क्रमशः "पाँच सय रुपैयाँ", "एक हजार रुपैयाँ" र "एक हजार पाँच सय रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

२१. बीमा ऐन, २०४९ मा संशोधन : बीमा ऐन, २०४९ को दफा ३८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) कुनै जीवन बीमा लेखको अवधि समाप्त हुनु अगावै सो बीमा लेख लिने व्यक्तिको मृत्यु भएमा बीमा लेख अनुसारको रकम निजले बीमा लेखमा इच्छ्याइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छ्याएको नभएमा वा इच्छ्याएको भए तापनि त्यस्तो इच्छ्याइएको व्यक्तिको पनि इच्छ्याउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने त्यस्तो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।"

२२. श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा संशोधन : श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा १० को उपदफा (३) मा रहेका "सुत्केरी विदा" भन्ने शब्दहरु पछि "सुत्केरी स्याहार बिदा," भन्ने शब्दहरु थपिएका छन् ।

२३. कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा संशोधन : कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

“(क१) “असमर्थ व्यक्ति” भन्नाले तोकिएको वार्षिक आय भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति सम्झनु पर्छ ।”

(२) दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) असमर्थ व्यक्तिले यस ऐन बमोजिम कानूनी सहायता प्राप्त गर्न सक्नेछ ।”

(३) दफा ६ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्:-

“(ख१) सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ख२) सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय -सदस्य”

(४) दफा ७ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछ:-

“(क१) सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत -सदस्य”

२४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा संशोधन : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को,-

(१) दफा ३३ को खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

“(ड१) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ बमोजिम नेपाल सरकार वादी हुने बाहेकका सो ऐन अर्न्तगतको घरेलु हिंसा सम्बन्धी मुद्दा,”

(२) दफा १०१ को खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

“(ड१) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ बमोजिम नेपाल सरकार वादी हुने बाहेकका सो ऐन अर्न्तगतको घरेलु हिंसा सम्बन्धी मुद्दा,”

२५. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा संशोधन : कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २ को खण्ड (ङ) मा रहेको “अविवाहिता” भन्ने शब्द झिकिएको छ ।

२६. राष्ट्र ऋण ऐन, २०५९ मा संशोधन : राष्ट्र ऋण ऐन,२०५९ को दफा ७ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछः-

“(३) स्टकको धनीको मृत्यु पश्चात् ऋणपत्रमा हक पुग्ने गरी धनीले कसैलाई इच्छ्याएको

भएमा त्यस्तो ऋणपत्रको सम्बन्धमा धनीको मृत्युपछि सो इच्छ्याइएको व्यक्ति मृतक धनीको हकवाला हुनेछ । त्यसरी धनीले कुनै व्यक्तिलाई इच्छ्याएको नभएमा वा इच्छ्याइएको व्यक्तिको पनि इच्छ्याउने व्यक्तिको भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो ऋणपत्रमा अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हक हुनेछ ।"

(२) उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिमको व्यक्ति मृतक धनीको हकवाला हुनेछ" भन्ने शब्दहरुको सट्टा "अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हुनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

२७. <u>बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा संशोधन</u> : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दाबी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको भए सो निक्षेप त्यसरी इच्छ्याइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छ्याएको नभएमा वा इच्छ्याइएको व्यक्तिको पनि इच्छ्याउने व्यक्तिको भन्दा पहिले नै मृत्यु

भैसकेको रहेछ भने त्यस्तो निक्षेप अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हुनेछ।"

(२) उपदफा (२) झिकिएको छ।

२८. <u>निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा संशोधन</u> : निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को दफा ४ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) महिलालाई यौनजन्य हिंसा गर्न धम्की दिने वा महिलाको आत्मसम्मानमा चोट पुग्ने वा त्यस्तै किसिमको अन्य कार्य गर्ने वा गराउने,"

२९. <u>विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन</u> : विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को,-

(१) दफा ४७ को उपदफा (१) मा रहेका "सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने" भन्ने शब्दहरु पछि "महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छ :-

"५८क. <u>क्षतिपूर्ति भराई दिने</u> : यस परिच्छेद बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानी नोक्सानी विचार गरी न्यायाधिकरणले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ।"

३०. <u>वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन</u> : वैदेशिक रोजगार ऐन, २०६४ को,-

(१) दफा ५ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम इजाजतपत्रवाला संस्था छनौट गर्दा त्यस्तो संस्था मार्फत वैदेशिक रोजगारमा गएका महिला कामदारलाई यातना दिएको सम्बन्धमा सो संस्था विरुद्ध कुनै उजूरी परे नपरेको र त्यस्तो इजाजतपत्रवाला संस्थाले कामदारको सुरक्षा सम्बन्धमा विशेष व्यवस्था गरे नगरेको विषयमा समेत विचार गर्नु पर्नेछ।"

(ख) उपदफा (३) मा रहेका "छनौट गर्ने" भन्ने शब्दहरु पछि "अन्य" भन्ने शब्द थपिएको छ।

(२) दफा २५ को उपदफा (१) मा रहेका "प्रस्थान गर्नु अघि" भन्ने शब्दहरु पछि "सम्बन्धित मुलुकमा कामदारको सुरक्षाको स्थिति," भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा २८ को उपदफा (६) मा रहेका "नवीकरण र नवीकरण दस्तुर" भन्ने शब्दहरुको सट्टा "नवीकरण, नवीकरण दस्तुर र अनुमतिपत्र रद्द" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

“२९. अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण : (१) दफा २८ बमोजिम अनुमतिपत्र प्राप्त अभिमुखिकरण तालीम सञ्चालन गर्ने संस्थाबाट दिइने अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण बोर्डले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको पाठ्यक्रममा अन्य कुराका अतिरिक्त लैङ्गिक हिंसा हुने अवस्था र त्यसको समाधानका उपाय सम्बन्धी विषयहरु समेत समावेश गर्नु पर्नेछ । ”

(५) दफा ३३ को,-

(क) खण्ड (ख) मा रहेका “उपदफा (१) को” भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

“(ख१) वैदेशिक रोजगारको लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौज्दारी कसूरको अभियोग लागेका कसूरदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न,

(ख२) वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमका बारेमा प्रचार प्रसार गर्न, ”

(६) दफा ६८ को उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

“(ग१) वैदेशिक रोजगारको क्रममा लैङ्गिक हिंसाबाट पीडित कामदारलाई तत्काल उद्धार गरी आवश्यकतानुसार सम्बन्धित मुलुकको कानून बमोजिम कानूनी उपचार प्राप्त गर्न कारबाही चलाउने र अवस्था अनुसार पीडितलाई सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत नेपाल फर्काउने व्यवस्था गर्ने”

३१. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन : मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को,-

(१) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

“८. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसूरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो

भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।”

(२) दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :-

“१०. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।”

(३) दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-

“११. दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ ।

त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकम मध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ ।”

(४) दफा १२ पछि देहायको दफा १२क. थपिएको छ :-

“१२क. पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने : दफा १२

बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानून बमोजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।”

(५) दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।”

(६) दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

“(६) दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा

अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।”

(७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

“१६ सजाय नहुने : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिव आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।”

(८) दफा १७ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।"

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा २६ मा रहेका "बकपत्रको आधारमा" भन्ने शब्दहरुको सट्टा "वकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) दफा २६ पछि देहायको दफा २६क. थपिएको छ :-

"२६क. <u>साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने</u> : (१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल

सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।”

३२. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन : घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका “र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ” भन्ने वाक्यांश झिकिएको छ ।

(ख) खण्ड (ख) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः-

“र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ”

(ग) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:-

“(ग) “शारीरिक यातना” भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।

“(घ) “मानसिक यातना” भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने

हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।”

(घ) खण्ड (च) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः-

“र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।”

(ङ) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएकोछः-

“(ट१) “उजूरी” भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजूरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ ।”

(२) दफा ४ को,-

(क) उपदफा (७) मा रहेका “उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी” भन्ने शब्दहरुको सट्टा “उजूरीको” भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (८) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-

"तर दफा ५क. बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।"

(३) दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :-

"५क. जाहेरी दिन सक्ने : (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कार्यालयले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।"

(४) दफा ६ पछि देहायको दफा ६क. थपिएकोछः-

"६क. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ।"

(५) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. उपचारको रकम पीडकले व्यहोर्ने : (१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित महिला

तथा बालबालिका कार्यालय वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ।"

(६) दफा १२ पछि देहायका दफा १२क., १२ख. र १२ग. थपिएका छन् :-

"१२क. संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने : (१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षण अधिकृत नियुक्ति नभएसम्म उपलब्धताको आधारमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो दफा प्रारम्भ भएको दुई महिनाभित्र कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रुपमा काम गर्ने गरी तोक्नेछ।

(३) संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।”

१२ख. <u>निःशुल्क कानूनी सहायता उपलब्ध गराउने</u> : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।

१२ग. <u>नेपाल सरकार वादी हुने</u> : दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।”

(७) दफा १३ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) कसैले अङ्गभङ्ग गरी वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा

त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।”

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

“(१क) कसैले उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।”

(ग) उपदफा (४) मा रहेका “कुनै व्यक्तिले” भन्ने शब्दहरु पछि “आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध” भन्ने शब्दहरु थपिएका छन् ।